# शितगंगा नगरपालिकाको नदीजन्य पदार्थ तथा अन्य पदार्थ उत्खनन,संकलन, ओसारपसार तथा विक्री वितरण र नदीजन्य पदार्थमा आधारित उद्योग व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
५ नं. प्रदेश

# शितगंगा नगरपालिका नदीजन्य पदार्थ तथा अन्य पदार्थ उत्खनन,संकलन, ओसारपसार तथा विक्री वितरण र नदीजन्य पदार्थमा आधारित उद्धोग व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावनाः**

शितगंगा नगरपालिकाक्षेत्रभित्र नदीजन्य पदार्थको अभाव हुन नदिई सहज आपूर्ति गर्न, निषेधित क्षेत्रबाट नदीजन्य पदार्थ चोरी उत्खनन,संकलन तथा निकासीलाई निरुत्साहित गर्न, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत भएको स्थलबाट नदीजन्य पदार्थको उत्खनन,संकलन, वितरण तथा ओसारपसार सम्बन्धी कार्यलाई व्यवस्थित गर्न,जनतालाई सस्तो र सहज आपुर्तिको लागि गत आ.व.मा प्रचलित घाटगद्दी हटाई बिक्री बितरण गर्न आवश्यक भएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (घ) को देहाय (६) तथा खण्ड (प) को देहाय (७) ले नदीजन्य पदार्थ र अन्य वस्तुको सर्वेक्षण, उत्खनन,संकलन तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी, व्यवस्थापन र सेवा शुल्क, दस्तुर उठाउने अधिकार तथा सम्मानित सर्वोच्च अदालतको रीट नं.०७३-WO-१३८४ उत्प्रेषण परमादेश मुद्दामा मिति २०७५/०२/२१ मा भएको फैसला बमोजिम नदीजन्य पदार्थको नियमनको लागि लेखी आएको हुंदा शितगंगा नगरपिलकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी शितगंगा नगरपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम “शितगंगा नगरपालिकानदीजन्य पदार्थ तथा अन्य पदार्थ उत्खनन,संकलन्, ओसारपसार तथा विक्री वितरण र नदीजन्य पदार्थमा आधारित उद्धोग व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६” रहेको छ ।

(२) यो कार्यविधि यस नगरपालिकाको क्षेत्र भरि लागु हुनेछ ।

(३) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;**

(क) "अनुगमन समिति" भन्नाले यस कार्यविधि बमोजिमको जिल्ला अनुगमन तथा समन्वय समिति र स्थानीय अनुगमन समिति समेतलाई सम्झनु पर्दछ ।

ख) "उद्योग" भन्नाले कच्चा पदार्थको रुपमा नदीजन्य पदार्थको प्रयोग हुने मेशिनरी औजार जडित उद्योगलाई सम्झनु पर्दछ र सो शब्दले क्रसर उद्योग, फिरफिरे, रिफाइनरी गर्ने उद्योग र यस्तै प्रकृतिका अन्य उद्योग समेतलाई जनाउनेछ ।

(ग) "कार्यविधि" भन्नाले नदीजन्य पदार्थ तथा अन्य पदार्थ उत्खनन,संकलन्, ओसारपसार तथा विक्री वितरण र नदीजन्य पदार्थमा आधारित उद्धोग व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ सम्झनु पर्दछ ।

(घ) "नदीजन्य पदार्थ" भन्नाले नदी, खोला, खोल्सी, खहरे, नहर , कूलो, बाढी पहिरो, नहर, कूलोले बगाई ल्याई नदी, खोल्सी र खहरेको किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा थिग्रिएको र थुप्रिएको ढुङ्गा, ग्राभेल, बालुवा, गिट्टी मिस्कट, भस्कट, गेग्रान, माटो तथा बहुमूल्य पत्थर, शीला, चुनढुङ्गा, स्लेट ढुङ्गा, दहत्तर बहत्तर (काठ दाउरा) र नदीको वहावबाट बगी आउने सबैखाले वस्तु र पदार्थलाई सम्झनु पर्दछ ।

(ङ.) "प्रारम्भिक वातावरणीय परिक्षण" भन्नाले वातावरण संरक्षण ऐन, २०५३ बमोजिमको प्रारम्भिक वातावरणीय परिक्षण भन्ने सम्झनुपर्दछ ।

(च) "मापदण्ड" भन्नाले दफा १९ बमोजिमको मापदण्ड सम्झनु पर्दछ ।

(छ) "राजश्व" भन्नाले नदीजन्य पदार्थ र दहत्तर वहत्तर काठ दाउरा आदिबाट प्राप्त हुने सरकारी रकम सम्झनु पर्दछ ।

(ज) "वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले वातावरण संरक्षण ऐन २०५३ बमोजिमको वातावरणीय प्रभाव मूल्याङ्कन भन्ने सम्झनु पर्दछ ।

(झ) "व्यवसायी" भन्नाले यस कार्यविधि बमोजिम नदीजन्य पदार्थ उत्खनन,संकलन्, घाटगद्धी तथा बिक्री गर्न इजाजत प्राप्त गरेको व्यवसायी सम्झनु पर्दछ ।

(ञ) "शुल्क" भन्नाले वनक्षेत्र बाहिर उत्खनन,संकलन् भएका नदीजन्य पदार्थ बिक्रीबाट प्राप्त रकमलाई जनाउने छ । यो शब्दले निजी जग्गाबाट व्यवसायिक प्रयोजनका

लागि सङ्कलन तथा बिक्री भएको नदीजन्य पदार्थ वापत प्राप्त हुने सेवा शुल्क समेत सम्झनु पर्दछ ।

(ट) "स्थानीय तह" भन्नाले संविधानको धारा ३०६ को उपधारा (१) को (ढ) बमोजिमको स्थानीय तह सम्झनु पर्दछ । सो शब्दले शितगंगा नगरपालिकालाई समेत जनाउनेछ ।

(ठ) "कार्यालय" भन्नाले शितगंगा नगरपालिकानगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(ड) "नगरपालिका" भन्नाले नगर कार्यपालिका एवं नगर सभा समेतलाई जनाउने छ ।

(ढ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ र सो शब्दले प्रदेश नं. ५ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई समेत जनाउँछ ।

(ण) "परिमाण" भन्नाले खोलाको सीमना भित्र थुप्रिएर बसेको नदिजन्य पदार्थको परिमाण सम्झनु पर्दछ ।

**३.उद्देश्य : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः–**

(क) नदी क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन,संकलन तथा ओसारपसार गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनका सर्तहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,

(ख) नदीक्षेत्र र ओसारपसार गरिने मार्ग वरिपरिको वातावरण संरक्षण गर्ने,

(ग) नदीजन्य पदार्थको अधिक दोहन हुनबाट रोकी दिगो उपयोग गर्दै यस्ता पदार्थको सहज आपूर्ति गर्ने प्रबन्ध मिलाउने,

(घ) नदीजन्य पदार्थ उत्खनन,संकलन तथा ओसारपासार गर्ने सन्दर्भमा संघीय सरकार तथा प्रदेश सरकारबाट भएका विभिन्न निर्णयहरुलाई स्थानीय विशेषताका आधारमा कार्यान्वयन गर्न सहज तुल्याउने,

(ङ) उपभोक्तालाई सुपथ मूल्यमा नदीजन्य पदार्थ उपलब्ध हुन सक्ने वातावरण सिर्जना गर्ने,

(च) सार्वजनिक विकास निमार्णका लागि आवश्यक पर्ने नदीजन्य पदार्थको अभाव हुन नदिने ,

(छ) परापूर्वदेखि जोतभोग गर्दै आएको जग्गालाई सम्याउने र खेती प्रणालीमा सुधार ल्याउने ,

(ज) नदीमा थुप्रिएर रहेको नदीजन्य पदार्थ हटाई विपदलाई न्यूनीकरण गर्ने ।

## परिच्छेद -२

## नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था

**४. अनुमति लिनु पर्नेः**

(१) नदीजन्य पदार्थमा आधारित क्रसर उद्योग वा यस्तै प्रकृतिका अन्य उद्योग स्थापना र सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले अनुसूची (१) बमोजिमको ढाँचामा नगरपालिकामा अनुमतिका लागि दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिने व्यक्ति वा संस्थालाई सम्बन्धित कार्यालयले अनुसूची (२) बमोजिमको ढाँचामा अनुमति पत्र दिनेछ ।

(३) उपदफा (१) बमोजिम अनुमतिका लागि दरखास्त दिँदा प्रचलित नेपाल कानूनमा तोकिएका शर्त बन्देजका अतिरिक्त अनुसूची ४ बमोजिमको मापदण्ड र देहायका शर्तहरु पुरा गरेको हुनु पर्नेछ ।

(क) उद्योग स्थापना गर्दा प्रचलित वातावरण कानून बमोजिम उद्योगको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भएको प्रमाण संलग्न हुनु पर्नेछ ।

(ख) उद्योगले प्राप्त गर्ने कच्चा पदार्थको स्रोत खुलाई त्यस्ता कच्चा पदार्थ उपलब्ध गराउने स्रोतवालासँग लिएको स्वीकृति, सम्झौता सहितका प्रमाण संलग्न राख्नु पर्नेछ ।

(ग) उद्योग स्थापना गर्ने स्थलको भौगोलिक अवस्थिति GPS Point समेत निर्दीष्ट गरेको हुनु पर्नेछ ।

(घ) उद्योगको क्षमता अनुसार नगरपालिका क्षेत्र भित्र कम्तीमा एक विगाहा वा १३ रेपनी जग्गा उद्योगको स्वामित्व वा लिज वा भाडामा रहेको हुनु पर्नेछ ।

(४) सूचिकृत हुन तथा सञ्चालन गर्न निवेदन दिनु पर्नेछ ।

क) साविकमा दर्ता भै शितगंगा नगरपालिका भित्र सञ्चालनमा रहेका उद्योगहरूले सूचिकृत हुनको लागि यो कार्यविधि लागू भएको ६ महिना भित्र अनूसूचि १ बमोजिम सूचिकृत एवं सञ्चालनका लागि कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

ख) अनुसूची १ बमोजिम सूचिकृत एवं सञ्चालन गर्न निवेदन पेश गरेका उद्योगहरू निवेदन पेश गरेको मितिले ३० दिन भित्र कार्यालयले सूचिकृत गर्नु पर्नेछ ।

ग) सूचिकृत भएका र तोकिएको मापदण्ड पुगेका उद्योगहरूलाई सूचिकृत भएको मितिले ३० दिन भित्र कार्यालयले अनुसूची २ बमोजिम सञ्चालन अनुमति दिन सक्नेछ ।

## परिच्छेद -३

## उत्खनन,संकलन्, सम्बन्धी व्यवस्था

### ५. कार्ययोजना बनाउने :

(१) नगरपालिकाले आउने आ.व.बाट लागु हुने गरी देहायका कुराहरु समावेश गरी नदीजन्य पदार्थ उत्खनन, संकलन र बिक्री वितरण सम्बन्धी कार्ययोजना बनाउनु पर्नेछ ।

(क) उत्खनन,संकलन गर्न हुने र नहुने क्षेत्र ।

(ख) नदीजन्य पदार्थ उपलब्ध हुने नदी, खोला, खोल्सी, खहरे तथा नदी उकासक्षेत्रको विवरण र उपलब्ध हुनसक्ने अनुमानित वार्षिक परिमाण ।

(ग) पूर्वाधार निर्माणको लागि चाहिने परिमाण र स्रोतको उपलब्धता ।

(घ) बिक्री वितरणको प्रक्रिया ।

(ङ) सङ्कलनको विधी र प्रयोग हुने मेशिनरी औजार ।

(च) प्राप्त हुने अनुमानित आम्दानी।

(२) उपदफा (१) बमोजिम तयार भएको कार्ययोजना दफा १८ (१) बमोजिमको स्थानीय अनुगमन समितिबाट फिल्ड निरीक्षण गराई लिखित प्रतिवेदन लिई नगर कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको कार्ययोजना नगरपालिकाले प्रत्येक आर्थिक वर्षको जेष्ठ मसान्तसम्म जिल्ला समन्वय समितिमा पेश गर्नु पर्नेछ।

(४) आ.व. ०७६/०७७ को लागि गत आ.व.मा स्वीकृत आइइ रिर्पोट बमोजिम नै हुने छ।

## ६. वातावरणीय अध्ययनः

(१) नदीजन्य पदार्थको उत्खनन,संकलन र बिक्री गर्ने कार्यालयले त्यसरी उत्खनन गर्नु अघि प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ।

(२) नदीजन्य पदार्थमा आधारित उद्योगको स्थापना र सञ्चालन गर्नु पूर्व प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ।

(३) नगरपालिका र नदीजन्य पदार्थ उत्खनन,संकलन् प्रशोधन र बिक्री वितरण गर्ने उद्योगले नदीजन्य पदार्थको उत्खनन र सङ्कलन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा औंल्याइएका सुझाव र सुधारात्मक उपायको कार्यान्वयन गर्नु पर्नेछ।

(४) यो कार्यविधि लागू हुनु अघि सञ्चालन भएका उद्योगले यो कार्यविधि लागू भए पछि परिच्छेद २ को दफा ४ को उपदफा (४) बमोजिम सूचिकृत एवं सञ्चालन गर्न अनुमति लिनु पर्नेछ।

**७. नदीजन्य पदार्थको उत्खनन,संकलन विधिः**

१) यस कार्यविधि बमोजिम उत्खनन,संकलन गर्दा उत्खनन, संकलनकर्ताले (ठेक्का भएका बखत ठेकेदार र ठेक्का नलागेका बखत उपभोक्ता स्वयमले) देहायको सर्त तथा मापदण्डको पालना गर्नु पर्नेछः–

(क) नदीजन्य पदार्थ उत्खनन, संकलन गरिने क्षेत्रको परिमाण यकिन गर्दा सम्बन्धित वडाका प्रतिनिधि र नगरपालिकाको प्राविधिक समेतको रोहवरमा निकाल्ने स्थानको चौकिल्ला निर्धारण गरी निकालिने परिमाण र उत्खनन, संकलन गरिने गहिराई समेत जानकारी हुने गरी कार्यालयले सिमाङ्कन गर्न लगाउनु पर्नेछ ।

(ख) उपदफा १ (क) बमोजिम सिमाकंन गरे पछि मात्र सम्बन्धित उत्खनन, संकलन तथा बिक्री वितरण गर्ने फर्म वा निकायले उत्खनन, संकलन तथा बिक्री वितरण गर्नु पर्नेछ ।

(ग) नदीजन्य पदार्थ उत्खनन,संकलन गर्दा कार्यालयबाट खटिएका कर्मचारीको प्रत्यक्ष निर्देशनमा रेखाङ्कन गरिएको घाट क्षेत्र भित्रको सीमाबाट मात्र हाते औजार र श्रममूलक प्रविधिको मात्र प्रयोग गरी निकाल्न पर्नेछ ।

(घ) उत्खनन,संकलन गर्दा भारी यान्त्रिक उपकरणको प्रयोग सम्बन्धमा संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा उल्लेख भएकाको हकमा सोही बमोजिम हुनेछ ।

(ङ) नदीजन्य पदार्थ उत्खनन,संकलन गर्ने समय सुर्योदय देखी प्रारम्भ गरी सूर्यास्तसम्म मात्र हुनेछ ।

(च) उत्खनन,संकलन स्थलसम्म जाने र फर्कने मार्ग निर्धारण नगरपालिकाले सम्बन्धित वडा कार्यालयको समन्वयमा गर्नुपर्ने र उत्खनन,संकलन परिमाण खुलेको नदी प्रवेश आदेशको पटके प्रति अनुसारको दैनिक तेरिज तयार गरी अभिलेख राख्ने कर्तव्य सम्बन्धित नदी जन्य पदार्थ उत्खनन, संकलन एवं बिक्री वितरण गर्ने फर्म वा निकायको हुनेछ ।

(छ) परिमाण नियन्त्रणका लागि दैनिक पटके उत्खनन,संकलन अभिलेख खाता अनुसूची–५ बमोजिको ढाँचामा उत्खनन,संकलन स्थलमा राख्ने कर्तव्य सम्बन्धित उत्खनन, संकलन एवं बिक्री वितरण गर्ने फर्म वा निकायको हुनेछ ।

(ज) उत्खनन,संकलन गरि सके पछि छनौट गरी छाडिएको काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थलमा लगि छाड्नु पर्नेछ । उत्खनन,संकलन गर्दा तोकिएको गहिराइ सम्म मात्र तह मिलाई खाडल नदेखिने गरी उत्खनन,संकलन गर्नु पर्नेछ । नदीको पानीको बहाव क्षेत्र परिवर्तन गर्न पाइने छैन ।

(झ) उत्खनन,संकलन कार्यमा संलग्न फर्म वा संस्थाले EIA/IEE का सर्तका अलावा ठेक्का सर्त र अनुगमन समितिले बेला बेलामा दिइएको निर्देशन पालना गर्नु पर्नेछ ।

(ञ) उत्खनन,संकलन गरी निकालिएको नदीजन्य पदार्थ दर्ता भएको ब्यवसायी बाहेकले सञ्चय गर्न पाइने छैन ।

(ट) उत्खनन,संकलन सम्बन्धी संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनका सबै सर्त पालना गर्नु सम्बन्धित उत्खनन, संकलन तथा बिक्री वितरण गर्ने फर्म वा संस्थाको हुनेछ ।

(ठ) उत्खनन,संकलन स्थलमा ट्याक्टर, टिप्पर र ३५० घ.फीट सम्मका भारी ढुवानी साधन बाहेक अन्य साधन प्रयोग गर्न पाइने छैन ।

(ड) उत्खनन,संकलन स्थलमा काम गर्ने कामदारका लागि अस्थायी शौचालयको प्रबन्ध अनिवार्य रूपमा गर्नु पर्नेछ ।

(ढ) उत्खनन,संकलनका लागि पहिचान भएको घाट नजिक सबैले देख्ने गरी उत्खनन,संकलन गरिने परिमाण, चौकिल्ला, उत्खनन,संकलन विधि र गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नं. लगायतका जानकारीमूलक सूचना बोर्ड तयार गरी राख्नु सम्बन्धित उत्खनन, संकलन तथा विक्री वितरण गर्ने फर्म वा संस्थाको हुनेछ ।

(ण) चुरेक्षेत्रमा पर्ने वन क्षेत्र, सार्वजनिक क्षेत्र र निजी नम्बरी जग्गाको नदीजन्य पदार्थ उत्खनन,संकलन र बिक्री वितरण गर्दा तोकिएको कार्यविधि र मापदण्ड लागु हुनेछ ।

## ८. सूचना प्रकाशन गर्नेः

(१) प्रचलित कानून बमोजिम तोकिएको निकायबाट स्वीकृत गराउनु पर्ने, प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिबेदनले सिफारिस गरेको खोलाा नदी खहरे खोल्सी र नदीउकास क्षेत्रबाट वार्षिक उपलब्ध हुने नदीजन्य पदार्थको प्रकृति र परिमाण निश्चित गरी संघीय सरकार वा प्रदेश सरकारबाट तोकिएको दरको आधारमा अनुमानित आय तयार गरी नगरपालिकाबाट स्वीकृत गर्नु पर्नेछ ।

(२) दफा ७ को उपदफा (१) बमोजिम स्वीकृत अनुमानित आय संकलनको लागि प्रचलित कानून (नगर सभा वा नगर कार्यपालिकाबाट स्वीकृत भएको समेत) बमोजिम कार्यालयले आय संकलन गर्नु गराउन पर्नेछ ।

## ९. सम्झौता, कार्यादेश र वनक्षेत्र प्रवेश इजाजत :

(१) दरभाउपत्र / वोलपत्र स्वीकृत भए पश्चात कबोल रकम र सो मा लाग्ने कर दाखिला गरी कार्य सम्झौताको लागि सम्पर्क राख्न स्वीकृत दरभाउपत्रदाता / वोलपत्रदातालाइ सात दिनको म्याद दिइ सूचना गर्नु पर्नेछ । तोकिएको म्याद भित्र रकम दाखिला नगरेमा निजका नामको धरौटी जफत गरी क्रमश दोस्रो र तेस्रो कवोलदातालाइ रकम सहित सम्झौताको लागि आव्हान गर्नु पर्नेछ । सम्झौता नभएसम्म तेस्रो कबोलदातासम्मको धरौटी कायम राख्नु पर्नेछ ।

(२) दफा (१) बमोजिमको रकम एकमुष्ठ बुझाउन नसकिने भनि कुनै व्यवसायीले निवेदन गर्न आएमा कवोल रकममा लाग्ने पुरै कर रकम र कबोल रकमको पचास प्रतिशत रकम दाखिला गर्न लगाई बाँकी पचास प्रतिशत कबोल रकम वापत व्यवसायीबाट ठेक्का अवधि भरके नेपाल राष्ट्र बैकबाट स्वीकृति प्राप्त क वर्गको वणिज्य बैकके जमानत लिइ दोस्रो किस्ताको कवोल रकम दाखिला गर्नु पर्ने अवधि

तोकी सम्झौता गर्न सक्नेछ । तोकिएको अवधि भित्र दोस्रो किस्ताको रकम दाखिला नभए जमानतबाट असुल उपर गर्नु पर्नेछ ।

(३) वनक्षेत्र बाहेकका सार्वजनिक क्षेत्रबाट सङ्कलन गरिने नदीजन्य पदार्थका हकमा स्थानीय तहले सङ्कलन गर्ने खोला, नदी, खहरे, खोल्सी र नदी उकासक्षेत्रको स्थान, उत्खनन,संकलन् सङ्कलन हुने परिमाण, अवधि, उत्खनन, सङ्कलनको प्रविधि र ढुवानीको प्रक्रिया लगायत अन्य आवश्यक कुरा तोकी सम्झौता गरी सम्बन्धित व्यवसायीका नाममा कार्यादेश दिनु पर्नेछ ।

(४) नदीजन्य पदार्थ संकलन गरिने क्षेत्रसम्म पुग्ने पहुंच सडक व्यवसायीले आफनै खर्चमा निर्माण तथा मर्मत गर्नु पर्ने छ

(५) वन क्षेत्रबाट नदीजन्य पदार्थ सङ्कलन गर्दा ठेक्का लगाउने स्थानीय तहले ठेक्का अनुसारको राजश्व र सो मा कानून बमोजिम लाग्ने कर दाखिला गरेको प्रमाण सहित सङ्कलन गर्ने स्थान, समय, परिमाण, प्रयोग गर्ने मेशिन औजार, संकलन गर्ने क्षेत्र आदिको पूर्ण विवरण खुलाई सम्बन्धित वन कार्यालयसँग वन प्रवेश इजाजत माग गर्नुपर्नेछ र वन कार्यालयले माग भए बमोजिमको इजाजत दिई जिल्ला अनुगमन तथा समन्वय समितिबाट अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ ।

(६) वन कार्यालयबाट वन प्रवेश इजाजत प्राप्त भएपछि ठेक्का लगाउदा नगरपालिकाले वन प्रवेश इजाजतमा उल्लिखित शर्तहरुको प्रावधान समेत समावेश गरी व्यवसायीसँग सम्झौता गरी ठेक्का प्रकृया अगाडि बढाउनु पर्नेछ ।

(७) राष्ट्रिय वन, राष्ट्रिय निकुञ्ज, आरक्ष, मध्यवर्ती क्षेत्र, संरक्षण क्षेत्र, वातावरण संरक्षण क्षेत्र तथा चुरे श्रृंखला र अन्य संवेदनशील क्षेत्रवाट नदीजन्य पदार्थ उत्खनन,संकलन् गर्दा डोजर, स्क्याभेटर, लोडर जस्ता हेभी इक्यूपमेन्ट प्रयोग गर्न पाइने छैन । अन्य क्षेत्रको हकमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भए बमोजिमका मेशिनरी औजार मात्र प्रयोग गर्नु पर्नेछ ।

(८) नदीजन्य पदार्थ उत्खनन, सङ्कलन गर्दा माटो, पानी, कृषियोग्य जमिन, जैविक विविधता जस्ता प्राकृतिक वातावरण तथा सडक, नहर, कूलो, स्कूल, कलेज, मानवबस्ती जस्ता भौतिक पूर्वाधारको संरक्षणका लागि आवश्यक परेमा स्थानीय

तहले सार्वजनिक सूचना प्रकाशित गरी नगरपालिकाले आफ्नो क्षेत्र भित्रको कुनै नदी वा खोला क्षेत्रलाई चार किल्ला खुलाई निश्चित अवधिका लागि सम्बेदनशील क्षेत्र घोषणा गरी नदीजन्य पदार्थ उत्खनन र सङ्कलन्मा  रोक लगाउन सक्नेछ ।

(९) नदी तथा खोलाको नदीजन्य पदार्थ उत्खनन, संकलन् गर्ने कार्य आषाढ , श्रावण र भाद्र महिनामा गर्न पाइने छैन ।

(१०) नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलन कार्य सूर्योदय देखि सूर्यास्तसम्मको समयमा मात्र गर्नु पर्नेछ ।

(११) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो तथा डुबानका कारण थुप्रिएको नदीजन्य पदार्थ तत्काल हटाउनु पर्ने भएमा नगरपालिकाले जिल्ला विपद् व्यवस्थापन समिति र जिल्ला अनुगमन तथा व्यवस्थापन समितिको शिफारिस अनुसार मेसिनरी औजारको प्रयोग गरी तत्काल हटाउन सक्नेछ ।

(१२) नदीजन्य पदार्थ सङ्कलन गर्ने क्रममा सङ्कलन गर्न इजाजत पाएको नदीजन्य पदार्थ बाहेक कुनै बहुमूल्य पुरातात्विक ऐतिहासिक वस्तु फेला परेमा सम्बन्धित उत्खनन, संकलन तथा बिक्री वितरण गर्ने फर्म वा संस्थाले उक्त फेला परेका बहुमुल्य पुरातत्विक वस्तु नगरपालिकामा बुझाउनु पर्नेछ ।

(१३) यस नगरपालिकाबाट सार्वजनिक खरिद नियमावली पारित भएमा सो मा भएको व्यवस्था बमजिम र सो नभएसम्म व्यवसायीसँग गर्ने सम्झौता तथा कार्य अदेश अनुसूची ७ बमोजिमको ढाँचामा हुने छ ।

## १०. उत्खनन तथा सङ्कलनको व्यवस्थाः

(१) नदीजन्य पदार्थको उत्खनन तथा सङ्कलन इजाजत दिनु पहिले स्थानीय तहले नदीजन्य पदार्थहरुको उत्खनन तथा सङ्कलन गर्दा अपनाउनु पर्ने विधि र नापजाँच प्रक्रियाका विषयमा सम्बन्धित व्यवसायीसँग सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उत्खनन,संकलन गर्ने स्थान छनौट गर्दा वनक्षेत्र, सार्वजनिक जग्गा, सडक किनार र आवतजावतमा अवरोध हुने गरी उत्खनन संकलन गर्न पाइने छैन ।

(३) उत्खनन संकलन गर्दा आएको नदीजन्य पदार्थ नासिन हराउन नपाउने व्यवस्था सम्बन्धित व्यवसायीले मिलाउनु पर्नेछ ।

(४) दहत्तर वहत्तर काठ दाउराको सङ्कलन र घाटगद्दी गर्नपर्ने अवस्था श्रृजना भएमा प्रचलित ऐन, नियम र निर्देशिका बमोजिम हुनेछ ।

(५) उपदफा (२) बमोजिम तोकिएको स्थल बाहेक अन्यत्र उत्खनन संकलन गर्नु गराउनु हुंदैन । तोकिएको स्थानबाट तोकिएका नदीजन्य पदार्थ बाहेक अन्य मालवस्तु उत्खनन,संकलन गर्न पाइने छैन । तोकिएको स्थान बाहेक अन्यत्र उत्खनन, संकलन गरे गराएमा बिक्री मूल्यको दोब्बर रकम असुल गरी यस्तो मालवस्तु नगरपालिकाले जफत गरी प्रचलित कानून बमोजिम लिलाम गर्न सक्नेछ ।

(६) नदीजन्य पदार्थ बाहेकका मालवस्तु उत्खनन,संकलन वा ओसारपसार गर्नु परेमा प्रचलित कानून बमोजिम हुनेछ ।

(७) स्थानीय तहले नदीजन्य पदार्थ उत्खनन,संकलन् र बिक्री वितरणको अवस्थाको निरन्तर अनुगमन गर्नु पर्नेछ र बर्षको कम्तिमा तीन पटक जिल्ला अनुगमन तथा समन्वय समिति समेतको रोहबरमा उत्खनन,संकलन् स्थलको निरीक्षण अनुगमनको व्यवस्था मिलाउन सक्नेछ ।

(८) सम्झौता बमोजिम नदी खोला खहरे खोल्सा र नदी उकास क्षेत्रबाट निकालिएको नदीजन्य पदार्थको मासिक प्रगति विवरण प्रत्येक महिनाको ७ गतेभित्र व्यवसायीले नगरपालिकामा पठाउनु पर्नेछ ।

## परिच्छेद - ४

## नदीजन्य पदार्थ र दहत्तर वहत्तर बिक्री तथा राजस्व बाँडफाँड

### ११. नदीजन्य पदार्थको सदुपयोग :

(१) तोकिएको क्षेत्र भन्दा अन्यत्रबाट नदीजन्य पदार्थ सङ्कलन उत्खनन गरेको पाइए स्थानीय अनुगमन समितिले अनुगमन गरी क्षतिको मूल्याङ्कन गरी कारवाहीको लागि नगरपालिकामा सिफारिस गर्नु पर्नेछ ।

(२) नदीजन्य पदार्थ निकाल्दा प्रारम्भिक वातावरणीय प्रतिबेदन IEE ले सिफारिस गरेको स्थान बाहेकको नदी खोलाको किनार, वनक्षेत्र वा अन्य क्षेत्रबाट उत्खनन सङ्कलन गरेको कारण सो स्थानको पुनरुथापना गर्नु परेमा पुनरुथापना गर्दा लाग्ने खर्च सम्बन्धित व्यवसायीबाट असुल गरी पुनरुथापना गर्नु पर्नेछ ।

(३) स्थानीय अनुगमन समितिले गरेको शिफारिसका आधारमा क्षतिपूर्ति वा पुनरुथापना कार्य वापत रकम असुल गर्नु परेमा क्षतिपूर्ति र पुनरुथापना खर्च असुल गर्नु पर्नेछ ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै व्यहोरा लेखिएको भएतापनि राष्ट्रिय गौरवका राष्ट्रिय प्राथमिकता प्राप्त तथा प्रदेश सरकारले तोकेका प्रादेशिक गौरवका आयोजनाहरुका लागि आवश्यक पर्ने नदीजन्य पदार्थ सम्बन्धित आयोजनाको अनुरोधमा स्थानीय अनुगमन समितिको सिफारिस बमोजिम संघीय वा प्रदेश सरकारले निर्धारण गरेको दररेटमा कानून बमोजिम लाग्ने कर समेत जोडी कार्यपालिकामा पेश गरी कार्यपालिकाको निर्णय बमोजिम स्थानीय तहले आयोजनालाई सङ्कलन गरी प्रयोग गर्ने अनुमति दिन सक्नेछ ।

(५) नदीजन्य पदार्थ उपलब्धताका आधारमा अन्तर प्रदेश निकासी गर्न पाइने छ । अन्तर प्रदेश निकासी गर्नु परेमा प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ ।

(६) नदीजन्य पदार्थ विदेश निकासी सम्वन्धी व्यवस्था नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

**१२.नदीजन्य पदार्थको राजश्व दररेट र बाँडफाँड :**

(१) दहत्तर बहत्तर काठ दाउरा बाहेकका नदीजन्य पदार्थको राजस्वको दररेट संघीय वा प्रदेश सरकारले तोकेबमोजिम हुनेछ । अन्य शुल्कहरु प्रदेश कर तथा गैह्रकर सम्वन्धी प्रचलित कानून बमोजिम लाग्नेछन् ।

(२) नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त हुने शुल्कको रकम स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ६२ उपदफा क (३) बमोजिम नगरपालिकाको संञ्चित कोषमा दाखिला गरिनेछ ।

(३) स्थानीय तहले नदीजन्य पदार्थको बिक्रीबाट आफूलाई प्राप्त रकमको बढीमा दश प्रतिशत रकम नदीजन्य पदार्थ सङ्कलन, उत्खनन गर्दा प्रभावित हुने क्षेत्रका समुदाय वा खोला नदी किनार संरक्षणका कार्यमा खर्च गर्नु पर्नेछ ।

(४) व्यक्तिको निजी जग्गामा रहेको नदीजन्य पदार्थ सम्बन्धित जग्गा धनिको निजी काम बाहेक व्यवसायिक रुपमा बिक्री गर्न अनुमती माग भएमा कुनै योजना प्रयोजनका लागि लैजाने भएमा सो योजनाको लागत इस्टिमेटको अधारमा नगरपालिकाले प्रदेश सरकारबाट तोकिएको शुल्क लिई अनुमति दिन सक्नेछ ।

(५) व्यक्तिको निजी जग्गाबाट नदीजन्य पदार्थ उत्खनन, संकलन र बिक्री वितरण गर्न गराउनको लागि नगर कार्यपालिकाले तोके बमोजिमको प्रकृया अवलम्बन गर्नु पर्नेछ ।

## परिच्छेद - ५

## नदीजन्य पदार्थको ओसारपसार र ढुवानी

### १३. ढुवानी तथा ओसार पसार सम्बन्धी व्यवस्थाः

(१) नदीजन्य पदार्थको ओसार पसार गर्दा देहाय बमोजिम गर्नु पर्नेछ ।

क) नदी प्रवेश आदेश लिई उत्खनन,संकलन गरिने घाटमा प्रवेश गरी उत्खनन,संकलन गरी नदीजन्य पदार्थ लोड भएका सवारी साधनहरुले ढुवानी अवधिभर अनुसुची ६ बमोजिमको राजस्व तिरेको निस्सा साथमा लिएर मात्र ओसारपसार गर्नु पर्नेछ ।

(ख) नदीजन्य पदार्थ ढुवानी गरी लैजाने सवारी साधनले पटकै पिच्छे पटके राजस्व तिरेको प्रमाणमा सबै विवरण स्पष्टसँग भर्न लगाई लिनु पर्नेछ । पटके रसीदमा उल्लिखित विवरण (मिति, समय, सवारी नं, ढुवानी गरी लैजाने स्थल, परिमाण, पदार्थको प्रकार आदि ) स्पष्ट रूपमा खुलाउन पर्नेछ ।

(ग) नदीजन्य पदार्थ उत्खनन,संकलन भएको स्थानबाट ओसारपसार गर्ने समय सुर्योदय देखी आरम्भ गरी सुर्यास्तसम्म मात्र हुनेछ ।

(घ) खोलाबाट नदीजन्य पदार्थ निकाल्दा ट्रेक्टर र ३५० घ.फु. सम्मको ट्रक/टिप्पर मात्रको प्रयोग गर्न पाइनेछ ।

(ङ) नदीजन्य पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाइने छैन ।

(च) नदीजन्य पदार्थ ढुवानी गर्ने साधनले उत्खनन,संकलन स्थलबाटै ढाकेर लैजानु पर्ने छ र बजार क्षेत्रमा २० कि.मी. र बाहिर ४० कि.मी. प्रति घण्टाभन्दा बढी गतिमा सवारी साधन सञ्चालन गर्न पाइने छैन ।

(छ) मूल बाटोबाट उत्खनन,संकलन स्थल तर्फ सवारी साधन प्रवेश हुने मार्गको नियमित मर्मत गर्ने, धुलो उड्न नदिन नियमित पानी छर्कने प्रबन्ध उत्खनन,संकलनकर्ता र ढुवानीकर्ताले मिलाउनु पर्ने छ ।

(ज) नदीजन्य पदार्थ लोड गरी ओसारपसार गर्ने क्रममा लोड सवारी साधन गन्तव्यमा नपुगन्जेल सडकमा पार्किङ्ग गर्न पाइने छैन र सवारी साधन बिग्रेको हकमा यथासम्भव छिटो ढुवानीकर्ताले अर्को व्यवस्था गरी हटाउनु पर्नेछ ।

(झ) नदीजन्य पदार्थको ओसारपसार गर्न निर्धारण गरिएको माथि उल्लेखित विधिको परिपालना सम्बन्धमा नगरपालिकाले प्रभावकारी अनुगमनको प्रबन्ध मिलाउनु पर्नेछ ।

(ञ) सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा नदीजन्य पदार्थ लगायत कुनै पनि सामग्री सङ्कलन गर्न वा सञ्चय गरी राख्न पाइने छैन । नदीजन्य पदार्थ बोकेको सवारी साधन उक्त क्षेत्रमा पार्किङ गर्न पाइने छैन ।

(ट) निजी जग्गा सम्याउँदा नगरपालिकाले तोके बमोजिमको प्रकृया अवलम्बलन गर्नु पर्नेछ ।

(ठ) अन्तर स्थानीय तहमा नदीजन्य पदार्थ ओसारपसार र ढुवानी गर्दा कसैले अवरोध वा कुनै किसिमको ढाट राखी थप कर, शुल्क वा दस्तुर लिन पाइने छैन ।

(ड) माथि उल्लेखित कार्यहरू गरेमा सम्बन्धमा जिल्ला स्तरीय अनुगमन तथा समन्वय समितिले अनुगमन गरी निर्देशन गर्न सक्नेछ । त्यस्तो निर्देशन पालना गर्ने जिम्मेवारी सम्बन्धित व्यवसायको हुनेछ ।

**१४. निषेधित कार्यहरुः**

(१) यस कार्यविधि बमोजिम देहायका कार्यहरु निषेध गरिएको छ ।

(क) प्रचलित कानून बमोजम बाहेक अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन,सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्न वा उद्योग सञ्चालन गर्न ।

(ख) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत नगरी नदीजन्य पदार्थ उत्खनन,संकलन्, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालन गर्न ।

(ग) नदीजन्य पदार्थको उत्खनन,संकलन्,भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योगका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनका शर्त उल्लङ्घन गर्न ।

(घ) नदीजन्य पदार्थ उत्खनन,संकलन्, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालनका लागि तोकिएको मापदण्ड विपरित कार्य गर्न ।

(ङ) तोकिएको स्थान बाहेक अन्य स्थानमा उद्योग स्थानान्तरण र सञ्चालन गर्न ।

(च) स्वीकृत उद्देश्य विपरित काम गर्न ।

(छ) तोकिएको परिमाण भन्दा बढी उत्खनन,संकलन् र प्रशोधन गर्न ।

(ज) अनुमति नलिई वा अनुमति बर्खिलाफ उद्योग सञ्चालन गर्न ।

(झ) पुरातात्विक, धार्मिक महत्वका र बहुमुल्य ढुङ्गा पत्थरको उत्खनन, तथा वितरण गर्न र स्वरुप परिवर्तन हुने गरी कुनै पनि क्रियाकलाप सञ्चालन गर्न ।

(ञ) कार्यविधि विपरित हुने गरी नदीजन्य पदार्थको उत्खनन,संकलन्,ओसारपसार, बिक्री वितरण गर्न तथा उद्योग सञ्चालन गर्न ।

(ट) नदी किनारमा निर्मित पूर्वाधार जन्य संरचनाको स्वरुप परिवर्तन हुने गरी स्वरुप विगार्न र हानी नोक्सानी हुने अन्य कुनै कार्य गर्न ।

**१५. सजायको व्यवस्थाः**

दफा १४ को उपदफा (१) बमोजिमका निषेधित कार्य वा यो कार्यविधि वर्खिलाफका कुनै कार्य गर्ने गराउने उपर प्रचलित कानूनमा व्यवस्था भए अनुसार सजाय हुनेछ ।

## परिच्छेद -६

## अनुगमन मूल्याङ्कन

**१७.जिल्ला अनुगमन तथा समन्वय समिति :**

(१) नदीजन्य पदार्थको उत्खनन,संकलन, वा उद्योग स्थापना र सञ्चालन कार्यको प्रस्ताव कार्यान्वयन हुनु पूर्व, कार्यान्वयन गर्दा र कार्यसम्पन्न भैसकेपछि वातावरणमा पर्ने प्रभावको अध्ययन, विश्लेषण गरी सुझाव दिनका लागि संघीय सरकारद्वारा गठित जिल्ला अनुगमन तथा समन्वय समिति रहने छ ।

(२) उपदफा (१) बमोजिमको जिल्ला अनुगमन तथा समन्वय समितिमा संघीय सरकारले तोके अनुसारका सदस्य रहनेछन ।

(३) जिल्ला स्थित विशेषज्ञ प्राविधिक रहने अन्य कुनै कार्यालयका विशेषज्ञ प्राविधिकलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिने छ ।

(४) जिल्ला अनुगमन तथा समन्वय समितिको कार्य विवरण संघीय सरकारले तोके बमोजिम हुनेछ र सो नतोके सम्मका लागि देहायबमोजिम हुनेछ –

(क) नदीजन्य पदार्थ सङ्कलन हुने क्षेत्रहरुको स्थलगत सर्वेक्षण गरी स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA, IEE) को प्रावधान र ती प्रतिवेदन स्वीकृत कार्यान्वयन भएपछि आएका परिवर्तन समेतको लेखाजोखा गरी नदीजन्य पदार्थ सङ्कलन गर्न सकिने स्थानको नक्शा सहितको विवरण, निकाल्न सकिने नदीजन्य पदार्थको किसिम र परिमाण समेत यकिन गरी सम्बन्धित स्थानीय तहमा प्रतिवेदन पेश गर्ने ।

(ख) जिल्ला भित्र स्थापना हुने उद्योगले वातावरण, कृषि, मानवबस्ती, पानीका मूल, ताल, ऐतिहासिक तथा धार्मिक पोखरी, महत्वपूर्ण स्रोत सम्पदा र भौतिक संरचना लगायतमा पार्न सक्ने प्रभाव बारे प्रस्ताव, वातावरणीय प्रतिवेदनको

अध्ययन, फिल्ड निरीक्षण गरी जिल्ला समन्वय समिति मार्फत स्थानीय तह तथा मन्त्रालय वा अन्य निकायलाई आवश्यक राय सुझाव दिने ।

(ग) जिल्लामा सञ्चालित नदीजन्य पदार्थमा आधारित उद्योगले सञ्चालनका क्रममा वा सञ्चालन पश्चात् पार्ने असर बारे अध्ययन, निरीक्षण गरी प्रतिवेदन दिने ।

(घ ) नदीजन्य पदार्थ उत्खनन,संकलन, ढुवानी र बिक्री सम्बन्धी स्थानीय तहको कार्ययोजना कार्यान्वयन पूर्व, कार्यान्वयन चरण र कार्य सम्पन्न भैसकेपछि पर्न सक्ने सामाजिक,आर्थिक र वातावरणीय प्रभाव बारे अध्ययन, निरीक्षण र विश्लेषण गरी प्रतिवेदन दिने ।

(ङ) नदीजन्य पदार्थको उत्खनन,संकलन, प्रशोधन र विक्री वितरण सम्बन्धी प्रस्ताव सम्बन्धमा स्थानीय तहबाट अनुरोध भै आएमा अध्ययन, निरीक्षण गरी राय सुझाव दिने ।

(च) नदीजन्य पदार्थको उत्खनन,संकलन्, भण्डारण र प्रशोधनको कार्य कानून सम्मत कार्यान्वयन भए नभएको हेरी नियमन गर्नका लागि स्थानीय तह र मन्त्रालयलाई सिफारिस गर्ने ।

(छ) सडकको भारवाहन क्षमता भन्दा बढी ओसारपसार भएमा वा तोकिएको मूल्य भन्दा बढी लिएमा वा स्वीकृत मापदण्ड वा स्थानीय तहसँग भएको सम्झौता विपरित सङ्कलन, उत्खनन,संकलन र प्रशोधन वा विक्री भएमा नियमन गर्ने व्यवस्था मिलाउने वा सम्बन्धित तहलाई लेखी पठाउने ।

(ज) अन्तर स्थानीय तह वा अन्तर जिल्ला क्षेत्राधिकार वा यस सम्बन्धी अन्य कुनै विषयमा कुनै विवाद भए समाधानका लागि समन्वय गर्ने ।

(झ) स्वीकृत कार्ययोजना र प्रचलित कानून विपरित गर्नेलाई कारवाही गर्ने वा कारवाहीका लागि सिफारिस गर्ने ।

**१८.स्थानीय अनुगमन समिति :**

(१) स्थानीय स्तरमा नदीजन्य पदार्थको उत्खनन,संकलन, भण्डारण, क्रसिङ, प्रशोधन र विक्री वितरण कार्यको कार्यान्वयन, समन्वय, अनुगमन र नियमन्, स्वीकृत मापदण्ड र कार्यविधिको पालना एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहले

सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा तपसील बमोजिमको अनुगमन समिति गठन गर्नेछ ।

(क) नगर प्रमुख –अध्यक्ष

(ख) नगर उप प्रमुख –सदस्य

(ख) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

(ग) जिल्ला प्रशासन कार्यालय प्रतिनिधि –सदस्य

(घ) डिभिजन/ सव डिभिजन वन कार्यालय प्रतिनिधि (सम्वन्धित क्षेत्र) –सदस्य

(ङ) सम्बन्धित क्षेत्र हेर्ने नेपाल प्रहरीका प्रतिनिधि –सदस्य

(च) सम्बन्धित वडा अध्यक्ष –सदस्य

(छ) पूर्वाधार शाखा प्रमुख वा तोकिएको प्राविधिक –सदस्य

(ज) राजश्व शाखा प्रमुख –सदस्य सचिव

(२) स्थानीय अनुगमन समितिको कार्यविवरण नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद -७
## विविध

**१९. नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन सम्बन्धी मापदण्डः**

(१) नदीजन्य पदार्थ उत्खनन,संकलन् सम्बन्धमा अनुसूची (३) र नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना तथा सञ्चालन गर्ने प्रयोजनका लागि अनुसूची (४) बमोजिमको दूरी सम्बन्धी मापदण्ड लागू हुनेछ ।

(२) उद्योग दर्ता र सञ्चालन सम्बन्धी अन्य विषयहरु प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

## २०. वातावरणीय पुनस्र्थापना :

(१) उत्खनन,संकलन क्षेत्र वा आसपासका क्षेत्रमा कार्य सम्पन्न भइसकेपछि हरियाली प्रवर्धन, तटबन्ध निर्माण, थिग्र्याउने पोखरी निर्माण, खोलाको वहाव नियन्त्रण गर्न पक्की बाँध,बाटो लगायतका भू–तथा जलाधार संरक्षण जस्ता पुनस्र्थापनाका कार्यहरु गर्न सम्बन्धित स्थानीय तहले आयको रकमको बढीमा १०(दश) प्रतिशत रकम विनियोजन गरी योजना बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

(२) नदीजन्य पदार्थको उत्खनन र सङ्कलन कार्यबाट वातावरण, गाऊँ बस्ती, कृषि भूमि, वनक्षेत्र र जलाधारमा प्रतिकूल प्रभाव परेको अवस्थामा खोला,नदी र आसपासका क्षेत्रको भू–बनौट, प्राकृतिक सुन्दरता,वन जङ्गल, जलाधार र कृषि प्रणालीलाई जीवन्त राख्न जिल्ला अनुगमन तथा व्यवस्थापन समितिको सिफारिसमा स्थानीय तहले सो कार्यमा तत्काल रोक लगाई संरक्षण र पुनरुत्थानका कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ ।

(३) शितगंगा नगरपालिकाले “वातावरण संरक्षण विशेष कोष” खडा गरी वातावरणीय पुनस्र्थापना गर्न ,आवश्यक अनुगमन तथा सो सम्बन्धी अन्य विविध खर्चहरु यसै कोषबाट व्यहोर्नु पर्नेछ ।

(४) अनुगमनका क्रममा सम्झौताको सर्त उल्लङ्घन गरेको वा राजस्व चोरी गरी उत्खनन तथा ओसार पसार गरेको पाइएमा नगर सभाबाट तोके बमोजिम दण्ड जरिवाना गरिनेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त हुने जरिवानाको २५ प्रतिशतले हुने रकम पक्राउ कार्यमा सहयोग गर्ने सुराकी, प्रहरी वा अन्य कर्मचारीहरुलाई पुरस्कार स्वरुप प्रदान गरिनेछ ।

## २०. विविध :

(१) यो कार्यविधि लागु हुनु पहिले सञ्चालनमा रहेका उद्योगले कार्यविधि लागू भएको एक महिनाभित्र आफ्नो उद्योगमा रहेको कच्चा वा प्रशोधित मालवस्तुको परिमाण सहितको विवरण, प्राप्तिको स्रोत, चालु आ.ब.को विक्री वितरणको परिमाण र भावी योजना सहितको प्रतिवेदन नगर पालिकामा पेश गर्नु पर्नेछ । तत्पश्चात

उत्खनन,संकलन्, गरी उद्धोगमा भएको मौज्दातको विवरण मासिक रुपमा सम्वन्धित स्थानीय तह, मन्त्रालय मातहतको उद्योग हेर्ने निकायमा पेश गर्नु पर्नेछ ।

(२) ढुंगा, ग्राभेल गिट्टी, बालुवा, माटो, चट्टान खानीको रुपमा सञ्चालन गर्नुपर्ने भएमा संघीय वा प्रदेश सरकारले व्यवस्था गरे अनुसार हुनेछ ।

(३) यो कार्यविधि पालना गर्ने गराउने कार्यमा जिल्ला अनुगमन तथा समन्वय समिति र स्थानीय तहलाई स्थानीय प्रशासनले आवश्यक सहयोग गर्नु पर्नेछ ।

(४) नदीजन्य पदार्थको उत्खनन,संकलन्, बिक्री वितरण तथा यी पदार्थमा आधारित उद्योगमा काम गर्ने मजदुरको बीमा, स्वास्थ्य, सुरक्षा तालिम र सुरक्षा सामग्री सम्बन्धी व्यवस्था सम्बन्धित व्यवसायीले गर्नु पर्नेछ ।

**२१. थपघट तथा हेरफेरः**

(१) यो कार्यविधि आवश्यकता अनुसार नगरपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**२२. बाधा अड्काउ, फुकाउः**

(१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा नगर कार्य पालिकाले बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

**२३. खारेजी र बचाऊः**

(१) यो कार्यविधि लागू हुनु पहिले प्रचलित कानून बमोजिम दर्ता भई नवीकरण भएका नदीजन्य पदार्थको उत्खनन,संकलन् विक्री वितरण तथा नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना सञ्चालन सम्बन्धमा भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

(२) यो कार्यविधिले गरेको व्यवस्था प्रचलित नेपाल कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

## अनुसूची - १
## नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन अनुमतिका लागि दिनु पर्ने दरखास्तको ढांचा
## (दफा ३ को उपदफा १ सँग सम्बन्धित)

मितिः ........./...../.....

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
।

विषयः अनुमतिपत्र पाउँ भन्ने बारे ।

महोदय,

देहाय बमोजिमको उद्योग सञ्चालनगर्न इच्छुक भएकोले मेरो/हाम्रो फर्म कम्पनीलाई अनुमतिपत्र प्रदान गरिदिनु हुन आवश्यक कागजात सहित यो निवेदनपत्र पेश गरेको छु÷छौं । लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे प्रचलित नेपाल कानुन बमोजिम सहुँला बुझाउँला ।

१. फर्मको पूरा नाम :–
२. फर्मको पूरा ठेगाना :–
३. उद्योग सञ्चालन गर्ने स्थान (GPS लोकेशन समेत) : –
४. उद्देश्य :–
५. पूँजी :–
६. कारोबार गर्ने वस्तु तथा कामको विवरण :–
७. संलग्न कागजातहरुः
(फर्म दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, नविकरण गरेको प्रमाण, स्वघोषणा सम्वन्धी कागज)

दरखास्तवालाको नामः
सहीः
नागरिकता नम्बरः
सम्पर्क नं.

## अनुसूची - २
## नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालनको अनुमति पत्रको ढांचा
## (दफा ३ को उपदफा २ सँग सम्बन्धित)

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची

# अनुमतिपत्र

श्री ............................ ................................................
महोदय,

तपाईको फर्म र कम्पनीले ............................ सम्वन्धी कार्य गर्नको लागि यस कार्यालयमा पेश गर्नुभएको निवेदन र संलग्न कागजात उपर कारवाही हुँदा मिति .................. को निणर्यानसुार ........................... कार्य गर्ने गरी यो अनुमति पत्र दिइएको छ । प्रचलित कानून बमोजिम गर्नु गराउनु होला ।

१. अनुमति प्राप्त गर्ने फर्म कम्पनीको नामः
२. फर्मर कम्पनी संचालकको नामः
३. ठेगानाः
४. फर्मर कम्पनी सञ्चालन हुने स्थानः
५. चार किल्लाः अनुमतिपत्र प्रदान गर्ने अधिकृतको नामः

दर्जाः
दस्तखतः
मितिः

द्स्टव्यः यो अनुमतिपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन २०००।– रुपैयाँ दस्तुर लाग्नेछ ।

# अनुसूची -३

## नदीजन्य पदार्थ सङ्कलन लागि निर्धारित दूरी सम्बन्धी मापदण्ड

## (दफा १९(१) सँग सम्बन्धित)

| क्र.सं. | विवरण | न्युनतम दूरी मीटरमा |
|---|---|---|
| १ | नदी, खोलाको वर्षातको प्रवाह्मा आधारित सीमा किनार | १० मी. |
| २ | ऐतिहासिक धार्मिक महत्वका घाटक्षेत्रबाट | ५० मी. |
| ३ | २२० के भी भन्दा कमको हाईटेन्सन लाइनबाट | ५०मी. |
| ४ | २२० के भी भन्दा माथिको हाईटेन्सन लाइनबाट | १००मी. |
| ५ | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायबाट | २००मी. |
| ६ | निकुञ्ज, आरक्ष क्षेत्र, संरक्षित क्षेत्र तथा चुरेको वातावरण संरक्षण क्षेत्रबाट | ५००मीं |
| ७ | घनाबस्तिबाट | ५००मी. |
| ८ | वन क्षेत्रबाट | २००मी. |
| ९ | झोलुंगे पुलबाट | २००मी. |
| १० | पक्की पुलबाट ५०० मि | ५००मी. |
| ११ | राष्ट्रिय लोकमार्गको Right of Wayबाट | २००मीं |
| १२ | प्रदेश स्तरका लोकमार्गको Right of Way बाट | १००मी. |
| १३ | स्थानीय स्तरका कृषि तथा ग्रामिण सडकको Right of Wayबाट | ५०मी. |

# अनुसूची ४
# नदीजन्य पदार्थमा आधारित उद्धोग स्थापना तथा संचालनका लागि निर्धारित दूरी सम्बन्धी मापदण्ड
## (दफा १९(१) सँग सम्बन्धित)

| क्र.सं. | विवरण | न्यनतम दूरी मीटरमा |
|---|---|---|
| १ | नदी, खोलाको वर्षातको प्रवाह्‌मा आधारित सीमा किनार | ५०० मी. |
| २ | तालतलैया र ऐतिहासिक धार्मिक महत्वका पोखरी तथा घाटक्षेत्र | २०० मी. |
| ३ | २२० के भी भन्दा कमको हाईटेन्सन लाइनबाट | १००मी. |
| ४ | २२० के भी भन्दा माथिको हाईटेन्सन लाइनबाट ३०० मि | ५०मी. |
| ५ | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायबाट १ कि.मि. | २००मी. |
| ६ | निकुञ्ज, आरक्ष क्षेत्र, संरक्षित क्षेत्र तथा चुरेको वातावरण संरक्षण क्षेत्रबाट | २००मीं |
| ७ | घनाबस्तिबाट | ५००मी. |
| ८ | वन क्षेत्रबाट | २००मी. |
| ९ | झोलुंगे पुलबाट | १००मी. |
| १० | पक्की पुलबाट ५०० मि | ५००मी. |
| ११ | राष्ट्रिय लोकमार्गको Right of Wayबाट | २००मीं |
| १२ | प्रदेश स्तरका लोकमार्गको Right of Wayबाट | १००मी. |
| १३ | स्थानीय स्तरका कृषि तथा ग्रामिण सडकको Right of Wayबाट | ५०मी. |
| १४ | अन्तरराष्ट्रिय सिमानाबाट  कम्तीमा | १.०कि.मी. |

**अनुसूची – ५**

**शितगंगा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**ठाडा, अर्घाखाँची**

**उत्खननकर्ताले राख्ने नदीजन्य पदार्थ तथा अन्य पदार्थको दैनिक उत्खनन अभिलेख**

| क्र.सं. | उत्खनन गरिएको मिति | उत्खनन गरिएको परिमाण | उत्खननकर्ताको प्रतिनिधिको दस्तखत | अनुगमनकर्ताको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**अनुसूची – ६**

**शितगंगा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**ठाडा, अर्घाखाँची**

म.ले.प.फा.नं.११

नदीजन्य पदार्थ निकासी शुल्क

नाकाको नाम :

ब्यवसायीको नाम ठेगाना : भ्याट नं.: मिति :

समयः

आन्तरिक निकासी आ.व.:०७६/०७७

श्री.......................................................

ठेगाना..................................................

<table>
<tr><th>विवरण</th><th>गाडी नं.</th><th>परिमाण</th><th>दर(क्यु.फिट)</th><th>जम्मा रकम</th><th>कैफियत</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="3">अक्षरेपी</td><td colspan="3">भ्याट १३%</td><td></td><td></td></tr>
<tr><td colspan="3">रोयल्टी भ्याट सहितको रकम</td><td></td><td></td></tr>
<tr><td colspan="3">कुल रकम</td><td></td><td></td></tr>
</table>

# अनुसूची – ७
# शितगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# ठाडा, अर्घाखाँची

श्री ............................

....................................... ।

बिषय :- चलान पुर्जी (कार्य आदेश) दिईएको ।

यस शितगंगा नगरपालिकाको क्षेत्राधिकार भित्रको ............................**खोला क्षत्रे** शितगंगा नगरपालिका वडा नं. ............ बाट ............... घ.मी. ढुङ्गा,गिटी, बालुवा, मिस्कट, ग्राभेल उत्सनन्, संकलन र विक्री गर्ने ठेक्का व्यवस्थाको लागि तपाई श्री .............................................. र यस शितगंगा नगरपालिकाको कार्यालय बिच मिति ........................... मा भएको सम्भौता अनुसारको शर्त तथा बन्देजहरुको परिधि भित्र रही यो चलान पुर्जी (कार्य आदेश) दिईएको छ । नियमानुसार गर्नु गराउनु होला ।

क) ठेक्काको विवरण

| सि.नं. | ठेक्काको शिर्षक विवरण | IEE /रा.चु.त.म.वि. सं समितिको सिफारिस अनुसारको विवरण |
|---|---|---|
| १ | नदी/खोलाको नाम | |
| २ | संकलन क्षेत्र | |
| ३ | सिमाङ्कन क्षेत्र | |
| ४ | जम्मा दुरी | |
| ५ | नदिजन्य पदार्थ संकलन गर्न प्रयोग हुने विधि र सामग्री | |
| ६ | उत्खनन् गर्न सकिने सामग्री | |
| ७ | परिमाण | |
| ८ | ठेक्का अवधी | |
| ९ | ठेक अङ्क | |

**ख) उठान पाउने दर (प्रति क्यू.फि.)**

| | |
|---|---|
| रोयल्टी वापत | ..।- |
| १३ % भ्याट | ०।३९ |
| **जम्मा रोयल्टी** | ... |

**ग) नदीजन्य पदार्थको संकलन प्रक्रिया**

१. नदीजन्य पदार्थको संकलन यस नगरपालकिाले स्वीकृत गरेको नदीजन्य पदार्थको व्यवस्थापन कार्यविधि,२०७६ बमोजिम हुनेछ । सम्झौतामा उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२. नदी/खोला बस्ती क्षेत्रमा हर्न बजाउन पाईने छैन्, बाढी आएको बेला, हावा चलेको बेला संकलन तथा ढुवानी कार्य गर्न पाइने छैन । नदीजन्य पदार्थ संकलनको लागि खटिएका कामदारहरुका लागि दुर्घटना बिमाका साथै प्राथमिक उपचार र मास्कको व्यवस्था दोस्रो पक्षले मिलाउनु पर्नेछ साथै नदीजन्य पदार्थ उत्खनन् तथा संकलन कार्य सूर्योदयदेखि सुर्यास्तसम्मको समयमा मात्र गर्नु पर्नेछ । घाटगद्दीमा आएको नदीजन्य पदार्थ हराउन नपाउने व्यवस्था व्यवसायी स्वंयमले मिलाउनु पर्नेछ ।

**घ) सार्वजनिक जानकारीः**

१. सम्झौता बमोजिमको बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा कुनै दस्तुर लगाई लिन पाउने छैन । तोकिएको परिमाण, निकासीको स्थिती पहिचानका लागि सहज बनाउन टेक्टर, ट्रक र टिप्परको विवरण स्पष्ट खुल्ने गरी रसिदको प्रयोग गर्नु पर्नेछ । यस नगरपालिकाबाट प्रमाणित गरिएका बाहेकका रसिदहरु प्रयोग गर्न पाईने छैन । नगरभित्रका स्थानीय विकास निर्माण तथा घरसार प्रयोजनका लागि प्राथमिकता दिई निकासीको व्यवस्था मिलाउनु पर्नेछ ।

२. नदीजन्य पदार्थ उत्खनन् स्थलमा कर लाग्ने सामानको नाम, संकलन/उत्खनन् गरिने क्षेत्र, विधि, समयावधी तथा ठेक अङ्क समेतको विवरण कम्तिमा १ ईन्चको अक्षर बोर्डमा लेखि सबैले देखिने गरी बोर्ड तयार गरी राख्नु पर्नेछ ।

**ङ) हर्जना र कारवाहीः**

१. कर उठाउँदा प्रयोग गर्ने सिलसिलेवार नम्बर भएका रसिदहरु आफ्नो तर्फबाट तीन प्रतिका दरले छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । राजश्व असुल गर्दा समय उल्लेख नगरी रसिद काटेमा, प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा, नक्कली रसिद, छाप र दस्तखत प्रयोग गरेको, संकलन गर्नु पुर्व लगाईएको रेखाँकन नष्ट गरेको, तोकिएको मापदण्ड विपरित गरेको पाईएमा पहिलो पटक रु. २,००००।- पुन दोहोरिएमा पटकै पिच्छे रु. ४०,०००।- जरिवाना र धरौटी जफत गरी ठेक्का तोड्न सकिनेछ ।

२. तोकिएको स्थान बाहेक अन्यत्र बाट नदीजन्य पदार्थ उत्खनन् गरे गराएमा तथा कार्यविधिको विपरितको कार्य गरेमा बिक्री मुल्यको दोब्बर रकम असुल गर्न र मालवस्तु जफत समेत गर्न सक्नेछ ।

# नदीजन्य पदार्थ ठेक्का व्यवस्थापनको सम्झौता पत्र ।

नेपालको संविधानको अनूसुची ९ को सि.नं. १४ स्थानीय सरकार संचालन ऐन-२०७४ को परिच्छेद ३ दफा ११ को (घ) ६ र यस नगरपालिकाबाटी स्वीकृत नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधी २०७६ बमोजिम यस शितगंगा नगरपालिकाको क्षेत्रभित्रका नदी तथा खोलाहरुबाट निस्कासन हुने नदीजन्य पदार्थको ठेक्का व्यवस्थाको लागि शितगंगा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय (यस पछि पहिलो पक्ष) भनिने र तोकिएको दररेटमा ........................................... **खोला क्षेत्रबाट** नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्रीको लागि ठेक्का बन्दोबस्त गर्न मञ्जुर श्री ...................................................... (यस पछि दोस्रो पक्ष) भनिनेका बिच निम्नानुसारको शर्तहरुको अधिनमा रही सम्झौता गरी एक आपसमा लियौं/दियौं ।

**शर्त तथा बन्देजहरु :-**

१. ठेक्काको नाम :- ............................................ क्षेत्रको नदीजन्य पदार्थ उत्खनन्, संकलन र विक्री ठेक्का ।

२. ठेक्काको अवधि :- सम्झौता मिति देखि ................. मसान्त सम्म ।

३ ठेक्का कबोल अंक र कर विवरण

विवरण

| सि.नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | ठेक्का कबोल अङ्क | | |
| २ | १३ प्रतिशत मुअकर | | |
| ३ | १.५ प्रतिशत अग्रिम आयकर | | |
| | जम्मा | | |

४. कवोल रकम तथा लाग्ने करहरु ............................. ।

५. नदीजन्य पदार्थ संकलन गर्न सकिने क्षेत्रको सिमाङ्कन : शितगंगा नगरपालिका वडा न.............नदी खोला ।

६. संकलन गर्न सकिने नदीजन्य पदार्थको क्षेत्र: शितगंगा नगरपालिका वडा नं. .......... नदी खोला क्षेत्र भित्र ।

७. संकलनको लागि तोकिएको नदीजन्य पदार्थ, परिमाण सम्बन्धी विवरण:

| संकलन गर्न सकिने पदार्थ | परिमाण | उत्खनन् गर्न सकिने लम्बाई. चौडाई र गहिराई |
|---|---|---|
| ढुङ्गा गिटी, बालुवा, ग्राभेल | ............ घ.मी. | ..... मीटर लम्बाई भित्र, चौडाई (औषत) .. मी., गहिराई ...... मी. |

८. दोस्रो पक्षले उपरोक्त बमोजिमको परिमाण, सम्झौता अनुसार तोकिएको क्षेत्र र लम्बाई, चौडाई र गहिराई भन्दा बढी हुने गरि नदीजन्य पदार्थ उत्खनन्, संकलन गर्न पाईने छैन ।

९. दोस्रो पक्षले सम्झौता बमोजिमको बाहेक कुनै किसिमको कर, सेवा शुल्क वा कुनै दस्तुर लगाई लिन पाउने छैन । तोकिएको परिमाण निकासीको स्थिती पहिचानका लागि सहज बनाउन टेक्टर, ट्रक, टिप्परको अलग रसिद प्रयोग गर्नु पर्ने छ । यस नगरपालिकाबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गर्न पाइने छैन । स्थानीय विकास निर्माण तथा घरसार प्रयोजनका लागि प्राथमिकता दिई निकासिको व्यवस्था मिलाउनु पर्नेछ ।

१०. नदीजन्य पदार्थको संकलन कार्यमा प्रयोग हुने सामाग्रीहरु साबेल, बेल्चा, डोको, हातले टिपेर, चाल्नी र ढुवानीको लागि ट्याक्टर, टिप्पर र ट्रक मात्र प्रयोग गर्नुपर्ने छ । सो बाहेक अन्य कुनै हेवी मेशिनको प्रयोग गर्न पाईने छैन । तर आईइ रिपोटमा स्वीकृत भएको भए तोकिएबमोजिम आवश्यक परेमा हेभी मेशिन समेत प्रयोग गर्न सक्नेछ ।

११. ठेक्का अवधी समाप्त नभएसम्म बोलपत्र/दरभाउपत्रदाताले, बोलपत्र/दरभाउपत्र साथ पेश गरेको धरौटी बापतको बैंक जमानत फिर्ता लिन सकिने छैन ।

१२. नदीजन्य पदार्थको उत्खनन्, संकलन गर्दा माटो, पानी, कृषियोग्य जमिन, जैविक विविधता जस्ता प्राकृतिक वातावरण तथा सडक, नहर, कुलो, स्कुल, कलेज, मानव वस्ती जस्ता भौतिक पुर्वाधारमा असर नपुग्ने गरी गर्नुपर्नेछ ।

१३. खोला/नदी बस्ती क्षेत्रमा हर्न बजाउन, बाढी आएको बेला, हावा चलेको बेला संकलन तथा ढुवानी कार्य गर्न पाईने छैन । नदीजन्य पदार्थ संकलनको लागि खटिएका कामदारहरुका लागि दुर्घटना बिमाका साथै प्राथमिक उपचार र मास्कको व्यवस्था दोस्रो पक्षले मिलाउनु पर्ने छ । साथै नदीजन्य पदार्थ उत्खनन् तथा संकलन कार्य सुर्योदयदेखि सुर्योस्तसम्मको समयमा मात्र गर्नुपर्नेछ । घाटगद्दीमा आएको नदीजन्य पदार्थ नासिन हराउन नपाउने व्यवस्था मिलाउनु पर्नेछ ।

१४ वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली २०५४ को प्रावधान बमोजिम स्वीकृत IEE का शर्तहरु ठेक्काको शर्त मानी दुवै पक्षबाट पालना गरिनेछ ।

१५.नदीजन्य पदार्थ संकलन गर्ने क्रममा संकलन गर्न इजाजत पाएको नदीजन्य पदार्थ बाहेक कुनै बहुमुल्य पुरात्तात्विक ऐतिहासिक बस्तु फेला परेमा तत्काल स्थानीय तहमा बुझाउनु पर्नेछ ।

१६. तोकिएको स्थान बाहेक अन्यत्र उत्खनन गरे गराएमा तथा कार्यविधिको विपरितको कार्य गरेमा बिक्री मुल्यको दोब्बर रकम असुल गर्न र मालवस्तु जफत समेत गर्न सक्नेछ ।

१७. तोकिएको क्षेत्र भन्दा अन्यत्र बाट नदीजन्य पदार्थ उत्खनन् गर्न पाइने छैन ।

१८. दोस्रो पक्षले कर उठाउँदा प्रयोग गर्ने सिलसिलेवार नम्बर भएका रसिदहरु आफ्नो तर्फबाट तीन प्रतिको छपाई सो रसीदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । राजश्व असुल गर्दा समय उल्लेख नगरी रसिद काटेमा प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नक्कली रसिद, छाप र दस्तखत प्रयोग गरेको, संकलन गर्नु पुर्व लगाइएको रेखाँकन नष्ट गरेको, तोकिएको मापदण्ड विपरित गरेको पाईएमा

पहिलो पटक रु. २०,०००।- पुनः दोहोऱ्याएमा पटकै पिच्छे रु. ४,०००।- जरिवाना र धरौटी जफत गरि ठेक्का तोड्न सकिनेछ ।

१९. "कार्यविधि" भन्नाले यस नगरपालिकाको नदीजन्य पदार्थ उत्खनन, संकलन, ओसारपसार तथा बिक्री वितरण र नदीजन्य पदार्थमा आधारीत उद्योग व्यवस्थापन सम्बन्धी कार्यविधी २०७६ लाई बुझाउँदछ ।

२०.ठेक्का स्वीकृत भई सम्झौता पश्चात नेपाल सरकार वा अदालतको निर्णयले ठेक्कामा बाधा उत्पन्न भएको अवस्थामा बाहेक अन्य कुनै पनि बन्द, हड्ताल जस्ता मानव श्रृजित कारणबाट श्रृजना हुने बन्दको अवस्थामा माफी मिनाहाको दाबा गर्न पाईने छैन ।

२१.यस ठेक्का शर्त तथा ठेकेदार बिच कुनै कानुनी अड्चन परेमा वा विवाद भएमा दुबै पक्षबीच आपसी सरसल्लाह र समझदारीबाट समाधान गरिनेछ । समाधान नभएमा यस नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो निर्णय दोस्रो पक्षले मान्नु पर्नेछ ।

२२. दोस्रो पक्षले कुनै शर्त पालना नगरेको वा हेलचेक्र्याई गरेको देखिएमा पहिलो पक्षले पहिलो पटक ठेक्का अंकको दश प्रतिशत रकम सम्म जरिवाना गर्न सक्नेछ ।

२३. दोस्रो पक्षले नदी खोलाबाट संकलन गरिने नदीजन्य पदार्थ उत्खनन स्थलमा कर लाग्ने सामानको नाम, संकलन/उत्खनन् गरिने क्षेत्र, परिमाण, विधि, समयावधि तथा ठेक अङ्क समेतको विवरण कम्तिमा १ इन्चको अक्षर बोर्डमा लेखि सबैले देखिने गरि बोर्ड तयार गरि राख्नुपर्नेछ ।

२४. उत्खनन, संकलन र विक्री गर्ने अवधि :- मिति २० ...... मसान्त सम्म ।

२५. यो सम्झौता साथ दिइएको चलान पुर्जीको बर्खिलापमा कामकाज गरेको ठहरेमा तपाईसँग भएको ठेक्का तोडी तपाईको नाम कालो सूचिमा राखिने छ र त्यसबाट यस नगरपालिकालाई हुनजाने नोक्सानी सम्पुर्ण रकम तपाईको धरौटी रकमबाट असुल उपर गरिनेछ, पछि कुनै कुरामा दाबी लाग्ने छैन भनि आजै यस नगरपालिकाबाट यस सम्झौता ठेक्का चलानको पुर्जी गरी एक/एक प्रति लियौं दियौं ।

**व्यवसायीको तर्फबाट**

व्यावसयीको नाम :- .........................

ठेगाना : ...............................

प्रतिनिधि : ..............................

सही :

**कार्यालयको तर्फबाट**

कार्यालय प्रमुखको नामः ..........

दर्जा : प्रमुख प्रशासकीय अधिकृत

सही :

......२०७५/१२/२१

साक्षिहरु